06 January 2025

**आकाशवाणी**

**मुख्य समाचार**

- **छत्तीसगढमा माओवादी आक्रमणमा आठ जना सैनिक बने शहीद**
- **प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गर्नुभयो विभिन्न रेल परियोजनाको उद्घाटनसाथै शिलान्यास**
- **लोकसभा अध्यक्षले पञ्चायतदेखि संसद कार्यक्रमको दोस्रो चरणको गर्नुभयो उद्घाटन**
- **कर्नाटकमा दुई HMP भाइरसको मामिला फेला परेको पुष्टि**
- **आयरल्याण्डसितको सिरिजका लागि भारतीय महिला क्रिकेट टीमको घोषणा, अनि**
- **इन्डियन सुपर लिग फुटबलमा अहिले इस्ट बेङ्गाल र मुम्बई सीटीको भिडन्त हुँदै**

**छत्तीसगढ – माओवादी आक्रामण**

छत्तीसगढको बिजापुर जिल्लामा आज माओवादीले सुरक्षा बलको एउटा वाहनमा बम विस्फोट गराउँदा आठ जना सैनिक र चालकको मृत्यु भएको छ। यो घटना बस्तर डिभिजनको कुत्रु थानाको अम्बेली नजिक भएको हो। अधिकारीहरूले यसको पुष्टि गर्दै यस घटनामा एक सिपाही बेपत्ता भएको बताएका छन्। अधिकारीहरूका अनुसार जिल्ला रिजर्भ गार्डका लगभग १५ जना जवानहरू यो गाडीमा दन्तेवाडाबाट संयुक्त अपरेशन गरेर फर्कदै गर्दा कुत्रु-बेद्रे सडकमा माओवादीहरूले आक्रमण गरेका हुन्। आतङ्ककारीहरूले शक्तिशाली ल्यान्डलाइन माइन विष्फोट गरेर सुरक्षाकर्मीको गाडीलाई विस्फोट गराए। विष्फोटपछि माओवादीहरूले सुरक्षाकर्मीमाथि गोली चलाएका थिए। यस घटनामा पाँच सैनिक घाइते भएका छन् जसमध्ये तीनको अवस्था चिन्ताजनक रहेको बताइएको छ।

गृहमन्त्री श्री अमित शासले छत्तीसगढको बिजापुरमा भएको IED विस्फोटमा जिल्ला रिजर्व गार्डका सिपाहीहरूको मृत्युमा दुःख व्यक्त गर्नुभएको छ। श्री शाहले सैनिकहरूका परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ। उहाँले सैनिकहरूको बलिदान खेर नजाने र सन् २०२६ को मार्चसम्ममा भारतबाट नक्सलवादलाई जरैदेखि उखेलिने बताउनुभएको छ।

**पीएम - रेल परियोजनाहरू**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत विभिन्न रेल परियोजनाको उद्घाटनसाथै शिलान्यास गर्नुभयो। यस क्षेत्रमा कनेक्टिभिटीलाई अझ बढावा दिन प्रधानमन्त्रीले नयाँ जम्मू रेलवे डिभिजनको उद्घाटन गर्नुभयो।

प्रधानमन्त्री श्री मोदीले तेलंगानाको चारलापल्लीमा नयाँ टर्मिनल स्टेशनको पनि उद्घाटन गर्नुभयो साथै पूर्वी तटीय रेलवेको रायगडा रेलवे डिभिजन भवनको शिलान्यास पनि गर्नुभयो।

यस अवसरमा बोल्दै प्रधानमन्त्री श्री मोदीले जम्मू-कश्मीर, तेलंगाना अनि ओडिशामा रेल पूर्वाधार परियोजनाहरूको सुरुवातले पर्यटनलाई बढावा दिने र यी क्षेत्रहरूमा सामाजिक-आर्थिक विकासलाई बढाउने बताउनु भयो। उहाँले भन्नुभयो, देश विकसित भारतको संकल्पलाई साकार पार्न तल्लिन छ र यसका लागि भारतीय रेलवेको विकास धेरै महत्त्वपूर्ण छ। उहाँले पछिल्लो दशक, भारतीय रेलवेको दृश्य परिवर्तनको दशक भएको बताउँदै भन्नुभयो, यसले देशको छवि परिवर्तन गरेको छ। पूर्वाधारहरूको आधुनिकीकरण, रेल यात्रीका लागि आधुनिक सुविधा, देशका कुनाकुनासम्म रेल सञ्जाल र रोजगारी सृजना अनि औद्योगिक क्षेत्रलाई सहयोग जस्ता चारवटा आधारमा सरकारले रेलमार्गको विकास गरिरहेको उहाँले बताउनुभयो। श्री मोदीले भन्नुभयो, आज भारत रेलवे लाइनको सय प्रतिशत विद्युतीकरणको नजिकमा पुगेको छ।

**पञ्चायतदेखि संसद**

लोकसभा अध्यक्ष श्री ओम बिरलाले आज नयाँ दिल्लीमा पञ्चायतदेखि संसद कार्यक्रमको दोस्रो चरणको उद्घाटन गर्नुभयो। यस कार्यक्रममा २० राज्य र केन्द्र शासित प्रदेशका पञ्चायती राज संस्थाहरूबाट छनोट गरिएका लगभग पाँच सय महिला प्रतिनिधिहरू सहभागी छन्। यसको उद्देश्य पञ्चायती राज संस्थाहरूमा अनुसूचित जनजातिबाट निर्वाचित महिला प्रतिनिधिहरूलाई सशक्तिकरण गर्नु रहेको छ। साथै ती महिलाहरुलाई संवैधानिक व्यवस्थाको बारेमा जानकारी दिई संसदीय प्रक्रिया र प्रभावकारी नेतृत्व लिन प्रोत्साहित गर्नु रहेको छ।

पछि, राष्ट्रपति भवनमा पञ्चायतहरूलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले गाउँको विकासमा पञ्चायतको भूमिका महत्वपूर्ण हुने बताउनु भयो। उहाँले महिला सशक्तिकरणको दिशामा पहल गर्न पञ्चायतहरूलाई आग्रह पनि गर्नुभयो।

महिला तथा बाल विकास मन्त्री श्रीमती अन्नपूर्णा देवीले यस पहलको प्रशंसा गर्दै महिला सशक्तीकरणमा थप टेवा पुग्ने बताउनु भएको छ ।

**निर्मला बजेट**

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले आज नयाँ दिल्लीमा सरोकारवालाहरू र व्यापार संघका प्रतिनिधिहरूसँग आठौं बजेट पूर्व परामर्श बैठकको अध्यक्षता गर्नुभयो। यो बैठक केन्द्रीय बजेट २०२५-२६-को सन्दर्भमा भएको हो। बैठकमा केन्द्रीय वित्त राज्यमन्त्री श्री पंकज चौधरी, मुख्य आर्थिक सल्लाहकारसहित अर्थ, लगानी तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन विभाग, आर्थिक मामिला विभाग र श्रम मन्त्रालयका सचिवहरुको सहभागिता थियो ।

**महाकुम्भ-सिक्किम**

उत्तर प्रदेशको प्रयागराजमा आउँदो 13 जनवरीदेखि शुरु हुने महाकुम्भ मेलामा देश-विदेशका श्रद्धालुहरू ठूलो संख्यामा आउने सम्भावना रहेको छ। आज महाकुम्भमा आमन्त्रण गर्न सिक्किम आउनु भएका उत्तर प्रदेश सरकारका पञ्चायतीराज मन्त्री श्री ओम प्रकाश राजभर र राज्यमन्त्री श्री जेपीएस राठौरले गान्तोकमा पत्रकारहरूसित कुराकानी गर्दै मेला स्वच्छ, स्वस्थ, सुरक्षित र डिजिटल महाकुम्भ हुने बताउनु भयो । उहाँहरूले महाकुम्भको भव्यता र सांस्कृतिक महत्व र विशेषतामाथि प्रकाश पार्दै सिक्किमवासीलाई महाकुम्भमा आमन्त्रण गर्नुभयो।

HMP **-भाइरस**

चीनमा **HMP** भाइरस फैलिएको चिन्ताका बीचमा**, HMP** भाइरसका दुईवटा मामिला कर्नाटकमा पनि रिपोर्ट गरिएको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतीय चिकित्सा अनुसन्धान परिषद् **ICMR** ले एचएमपी भाइरसका दुईवटा मामिला फेला पारेको छ। तीन महिनाकी एकजना बालिका र आठ महिनाको एकजना बालकमा यो भाइरसको संक्रमण देखिएको छ । दुवैको उपचार भइरहेको छ । दुबै बिरामीहरू मध्ये कसैले पनि अन्तर्राष्ट्रिय यात्रा गरेका थिएनन्।

कर्नाटकका स्वास्थ्य एवम् परिवार कल्याण मन्त्री श्री दिनेश गुन्डु रावले बेंगलुरुमा **HMP** भाइरसका दुई मामिलाहरू पत्ता लागेपछि विभागका अधिकारीहरूको बैठक बोलाउनु भएको छ।

अर्कोतिर, दिल्लीका स्वास्थ्य मन्त्री श्री सौरभ भारद्वाजले स्वास्थ्य विभागलाई राजधानीमा सम्पूर्ण व्यावस्था सुनिश्चित गर्न निर्देश दिनुभएको छ।

**जयशंकर-सुलेवन**

विदेशमन्त्री डा. एस. जयशंकर अनि अमेरिकाका राष्ट्रिय सुरक्षा सल्लाहकार श्री जेक सुलेवनबीच आज नयाँ दिल्लीमा द्विपक्षीय बैठक बस्यो। भेटमा द्विपक्षीय**,** क्षेत्रीय र विश्वव्यापी सहयोगलाई थप बलियो बनाउने विषयमा छलफल भएको थियो ।

अर्कोतिर, राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभालले पनि श्री सुलेवनसँग भेट गरी द्विपक्षीय विषयमा छलफल गर्नुभएको छ।

**BCCI - महिला क्रिकेट**

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड - बीसीसीआईले आयरल्याण्ड विरुद्धको भारतको आगामी तीन म्याचको एकदिवसीय महिला क्रिकेट सिरिजका लागि १५ सदस्यीय टीमको घोषणा गरेको छ। यस सिरिजमा कप्तान हरमनप्रीत कौर र शीर्ष तेज बोलर रेणुका सिंह ठाकुरलाई विश्राम दिइएको छ। भारतीय टीमको नेतृत्व स्मृति मन्धानाले गर्नेछन्।

**हकी इन्डिया लिग**

हकी इन्डिया लिगमा अहिले केही बेरमा राउलकेलाको बिरसा मुन्डा स्टेडियममा सुर्मा हकी क्लब र दिल्ली एसजी पाइपर्सको भिडन्त हुनेछ। म्याच अहिले 8 बजेर 15 मिनेटमा शुरु हुनेछ।

प्रतियोगितामा हिजो भएको खेलमा तामिल नाडु डेगन्सले युपी रुद्रसलाई अनि सुर्मा हकी क्लबले कलिङ्गा लान्सर्सलाई पराजित गरेका थिए।

**इन्डियन सुपर लिग**

इन्डियन सुपर लिग फुटबलमा अहिले कोलकाताको साल्टलेकमा इस्ट बेङ्गाल र मुम्बई सीटी एफसीको भिडन्त शुरु भएको छ।

प्रतियोगितामा, हिजो भएको खेलमा केरला ब्लास्टरस्-ले राउन्ड ग्लास पञ्जाबलाई एक गोलले पराजित गरेको थियो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **छत्तीसगढमा माओवादी आक्रमणमा आठ जना सैनिक बने शहीद**
- **प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गर्नुभयो विभिन्न रेल परियोजनाको उद्घाटनसाथै शिलान्यास**
- **लोकसभा अध्यक्षले पञ्चायतदेखि संसद कार्यक्रमको दोस्रो चरणको गर्नुभयो उद्घाटन**
- **कर्नाटकमा दुई HMP भाइरसको मामिला फेला परेको पुष्टि**
- **आयरल्याण्डसितको सिरिजका लागि भारतीय महिला क्रिकेट टीमको घोषणा, अनि**
- **इन्डियन सुपर लिग फुटबलमा अहिले इस्ट बेङ्गाल र मुम्बई सीटीको भिडन्त हुँदै**